**तिनाउ गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८०।१०।१८ गतेको ४४ औं बैठकका निर्णयहरुः**

१. गाउँपालिकाले खरिद गरेको मिनिट्रिलर तपशिल अनुसार ५०% लागत साझेदारी गरी वितरण गर्ने निर्णय गरियो ।

| क्र.सं. | वडा नं. | संख्या | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| | | वडाको तर्फबाट | गाउँपालिकाको तर्फबाट | | |
| १ | वडा नं. १ | ३२ | १२ | ४४ | |
| २ | वडा नं. २ | | १२ | १२ | |
| ३ | वडा नं. ३ | २२ | १२ | ३४ | |
| ४ | वडा नं. ४ | १० | १२ | २२ | |
| ५ | वडा नं. ५ | १० | १२ | २२ | |
| ६ | वडा नं. ६ | १० | १२ | २२ | |
| | जम्मा | ८४ | ७२ | १५६ | |

२. तिनाउ गाउँपालिकाको भु-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड तथा आधारहरु, २०८० स्वीकृत गर्ने निर्णय गरियो ।

३. अघिल्लो कार्यपालिकाले गरेका विभिन्न निर्णयहरुको कार्यान्वयन सन्दर्भमा समिक्षा गरियो ।

४. तिनाउ गाउँपालिकाको वडा नं. ४ को झुम्सा खोलाको मुहानबाट नेपाल खानेपानी संस्थान, बुटवलले पानी प्रयोग गरे बापत गाउँपालिकालाई संस्थानले उठाएको सेवा शुल्क मध्ये प्रतिशतको आधारमा गाउँपालिकाले सेवा शुल्क प्राप्त गर्ने गरी वार्ता गर्ने निर्णय गरियो ।

५. शसर्त तर्फको नवीकरणीय उर्जा प्रविधि जडान अन्तर्गत सोलार प्रविधि जडान आवाशिय घरको लागि ६ थान खरिद गर्ने बाँकी रकम बाट सोलार सडक बत्ती खरिद गर्ने निर्णय गरियो ।

६. तिनाउ गाउँपालिका वडा नं. २ कार्यालयको च.नं. ७६० मिति २०८०।०९।२४ को पत्रा साथ तिनाउ गाउँपालिका वडा नं. २ निवासी इन्द्र बहादुर विश्वकर्मा र दुर्गा बहादुर विश्वकर्माको कि.नं. ४, १८२६, १८२२, १८१९, १८२१, १८१७ को जग्गा गरा सुधार गरी खेतीयोग्य बनाउ अनुमति पाउँ भनी नगरिकता प्रमाण पत्र लालपुर्जा संधियार सहमती मुचुल्का चौकिल्ला तिरो तिरेको रसिद सहित पेश गरेको हुँदा गह्रा सुधार गर्न अनुमति दिने र गह्रा सुधार पश्चात अनुगमन समिति र

प्राविधिकको प्रतिवेदनको आधारमा गह्रा सुधारका क्रममा निस्केका पदार्थहरुको गाउँपालिकामा अग्रिम राजस्व दाखिला गरी निकासी दिने निर्णय गरियो ।

७. गाउँपालिकाले यस पूर्व गह्रा सुधार गर्न दिएको अनुमति अनुसार गह्रा सुधार भएको ठाउँको स्थलगत अनुगमन गरी अनुगमन समितिको अनुगमन प्रतिवेदनका आधारमा थप निर्णय गर्ने निर्णय गरियो ।

८. निज जग्गामा गह्रा सुधार गर्दा नियमानुसार संक्षिप्त वातावरणीय अध्ययन र प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदनको आधारमा स्वीकृत दिने निर्णय गरियो ।

९. यस गाउँपालिकाको वडा नं. ३ मा सञ्चालनमा रहेको बसन्तपुर केवल कारसँग वार्ता गरी सम्झौता गर्ने प्रक्रिया अँगाडी बढाउने निर्णय गरियो ।

१०. यस गाउँपालिकाको गाउँकार्यपालिकाको १० औं बैठकको निर्णय नं. ४ अनुसार काम गर्न यस गाउँपालिकाको स्वास्थ्य शाखालाई जिम्मा दिने निर्णय गरियो ।

११. आगामी आ.व. २०८१/८२ का लागि संघीय समपुरक अनुदान तर्फ तपशिल अनुसारको योजना माग गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम | लागत रकम रु. | संघीय सरकारबाट माग गर्ने रकम | स्थानीय तहबाट लागत साझेदारी |
|---|---|---|---|---|
| १ | सरनखोला चौकी भञ्ज्याङ्ग झिन्टुङ हुँदै माथागढी जोड्ने मोटरबाटो स्तरउन्नती वडा नं. ३ | २,००,२०,०००।- (दुई करोड बिस हजार) | १,००,००,०००।- (एक करोड) | १,००,२०,०००।- (एक करोड बीस हजार) |

१२. आगामी आ.व. २०८१/८२ का लागि संघीय विशेष अनुदान तर्फ तपशिल अनुसारको योजना वहुवर्षिय रुपमा ३ वर्षमा योजना सम्पन्न गर्ने गरी माग गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम | लागत अनुमान रकम रु. | संघीय सरकारबाट | स्थानीय तहबाट लागत साझेदारी |
|---|---|---|---|---|
| १ | तिनाउ गुणस्तरीय शैक्षीक विकास तथा साक्षरता सुधार परियोजना | ४,९५,००,०००।- (चार करोड पन्चानब्बे लाख) | ४,६५,००,०००।- (चार करोड पैंसठ्ठी लाख) | ३०,००,०००।- (तिस लाख) |

तिनाउ गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८०।१०।१८ गतेको ४४ औं बैठकका निर्णयहरुः